# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड४१) काठमाडौं, फागुन ७ गते २०४८ साल (अतिरिक्ताङ्क ६७ (क)

## भाग १

## शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय
### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाह देवबाट राष्ट्रिय प्रजातन्त्र दिवसका उपलक्ष्यमा विक्रम सम्वत् २०४८ फागुन ७ गते बक्सेको सन्देश

प्यारा देशवासीहरू,

१. नेपालीको चाहना अनुसार जनताको बलिदान र परिश्रमको फलस्वरूप आजभन्दा ४१ वर्षअघि २००७ साल फागुन ७ गते देशमा प्रजातन्त्रको स्थापना भएकोले आज हामी राष्ट्रिय प्रजातन्त्र दिवस मनाउन लागिरहेका छौं । यस अवसरमा पूज्य जिज्यू बुबाज्यू स्वर्गीय श्री ५ त्रिभुवन र प्रजातन्त्रका लागि मरि-मेट्ने सबै नेपाली प्रति कृतज्ञतापूर्वक संस्मरण गर्नु हामी सबैको कर्तव्य हो ।

२. देशमा पुनर्स्थापित बहुदलीय प्रजातान्त्रिक प्रणालीको सुदृढीकरण गर्ने-तर्फ आज हामी सबै प्रयत्नशील छौं । राष्ट्रिय जीवनका हर क्षेत्रमा स्वतन्त्रताको जुन महत्त्व छ प्रजातन्त्रको सुदृढीकरणको लागि प्रजातान्त्रिक मूल्य र मान्यताको जगेर्ना

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्नु पनि त्यत्तिकै अपरिहार्य हुन्छ । प्रजातान्त्रिक शासन पद्धतिमा आत्म-अनुशासनको महत्त्वपूर्ण स्थान रहन्छ। संविधान प्रदत्त एक अर्काको अधिकार प्रतिको सम्मान र आ-आफ्नो कर्तव्यको बोध यसैबाट सिर्जित हुन्छ ।

३. जनताको सेवा नै प्रजातन्त्रको मूलमन्त्र हो भन्ने कुरा चरितार्थ गर्न विकासको फल गाउँ गाउँमा पुऱ्याउन सक्नु परेको छ । देश विकासको महान् कार्य सजिलो अवश्य पनि हुँदैन यो सबैले अनुभव गरेकै कुरा हो । यस कार्यका लागि आ-आफ्नो क्षेत्रमा कडा परिश्रम गर्नु पर्ने संस्कारको विकास गर्न प्रत्येक व्यक्ति अग्रसर भएमा यो कार्य असाध्य पनि होइन । सबै नेपालीले आ-आफ्नो तर्फबाट गर्नु पर्ने कार्य इमान्दारी र परिश्रमका साथ गरेमा मात्र मित्र राष्ट्रहरूको हामी प्रतिको सद्भावना र सहानुभूति पनि वृद्धि हुने गुन्जायस रहन्छ भन्ने कुरा आजको वास्तविकता हो ।

४. अन्त्यमा यस दिवसले देश र देशवासीको कल्याण हुने कार्यमा सबै नेपाली-लाई अघि बढ्ने प्रेरणा दिइरहोस्– यही हाम्रो कामना छ ।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून् ।

जय नेपाल !

हुकुम बक्से बमोजिम,
रेवतीरमण खनाल
श्री ५ महाराजाधिराजका सचिव



मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२८४